# पाठ्यक्रम विकास केन्द्र सानोठिमीको मान्यता तथा समकक्षता सम्बन्धी सूचना

माध्यमिक शिक्षा (कक्षा १० र कक्षा १२) सरह मान्यता तथा समकक्षता निर्धारण निर्देशिका (प्रथम संशोधन) २०७५ का सेवाग्राहीसँग सम्बन्धित मुख्य दफाहरू सबैको जानकारीका लागि प्रकाशन गरिएको छ। सम्बन्धित विद्यालयहरूले विद्यार्थी तथा अभिभावकहरूलाई समेत सोहीअनुसार जानकारी गराइदिनुहुन अनुरोध छ।

**१) समकक्षताका लागि आवश्यक पर्ने कागजातहरू :**

विदेशी शैक्षिक संस्था वा बोर्डबाट माध्यमिक तहको अध्ययन (कक्षा १० / कक्षा १२ सरह ) पूरा गरेकाले समकक्षताका लागि तपसिलबमोजिमका कागजात तथा शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरू नोटरी पब्लिकबाट प्रमाणित गरी पेस गर्नुपर्ने छ :

क) सम्बन्धित योग्यताका प्रमाणपत्रहरू

- लब्धाङ्क पत्र/ग्रेडसिट/ट्रान्सक्रिप्ट
- उत्तीर्ण प्रमाण पत्र/प्रोभिजनल प्रमाण पत्र
- चारित्रिक प्रमाण पत्र/स्कुल तथा कलेज लिभिङ सर्टिफिकेट
- माइग्रेसन सर्टिफिकेट (वा समकक्षता चाहेको कक्षा/तहभन्दा माथिल्लो कक्षा/तह अध्ययन गरेको खुल्ने प्रमाण पत्र)

ख) विदेशमा अध्ययन अवधि खुलेको राहदानी र भिसाको प्रमाणित प्रतिलिपि :

ग) राजस्व रकम रु. १०००, ( नयाँ बोर्डका हकमारु. १५००)

घ) नयाँ बोर्डका हकमा निम्नानुसारका थप कागजातहरू :

- अध्ययन गरेको शैक्षिक संस्था/बोर्डको परिचय सम्बन्धी कागजातहरू (ब्रोसियर, बुलेटिन आदि)
- अध्ययन गरेको बोर्डको कक्षा १०/१२ को मुख्य विषयहरूको पाठ्यक्रम/पाठ्यवस्तु थान
- सम्बन्धित कुटनीतिक नियोग/दूताबासबाट प्रमाणित गरिएका शैक्षिक योग्यताका प्रमाणपत्रहरू

**२) समकक्षता सम्बन्धी न्यूनतम आधारहरू :**

(क) निवेदकले कक्षा १० का लागि १० वर्षको शिक्षा र कक्षा १२ का लागि प्रवेशिका परीक्षा वा कक्षा १० सरहको शिक्षा पूरा गरी थप २ वर्ष विश्वविद्यालय, बोर्ड वा शैक्षिक एवम् प्राज्ञिक संस्था अन्तर्गत अध्ययन गरी कक्षा १२ वा सोसरहको शिक्षा पूरा गरेको हुनुपर्ने छ।

(ख) कक्षा १० मा अङ्ग्रेजीसहित कम्तीमा ५ ओटा विषयको अध्ययन पूरा गरेको र कक्षा १२ मा पनि अङ्ग्रेजीसहित कम्तिमा ५ ओटा विषयको अध्ययन पूरा भएको हुनुपर्ने छ।

(ग) कक्षा १२ को समकक्षता लिनको लागि कक्षा १० को प्रमाणपत्रहरू समेत पेस गुर्नपेर्न छ।

विदेशी बोर्डबाट कक्षा १० वा सो सरह उत्तीर्ण गरेकाले कक्षा १० को मान्यता तथा समकक्षताको प्रमाण पत्रसमेत प्राप्त गरी पेस गर्नुपर्ने छ।

(घ) विदेशी शैक्षिक संस्था वा बोर्डबाट सम्बन्धन लिई नेपालमा सञ्चालित शैक्षिक संस्था वा बोर्डले नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको अनुमति वा स्वीकृति लिएको हुनुपर्ने छ। अन्यथा ती संस्था र ती संस्थाबाट प्राप्त प्रमाणपत्रलाई मान्यता तथा समकक्षता प्रदान गरिने छैन।

**३) A-Level कार्यक्रम अध्ययन गर्ने विद्यार्थीले कक्षा १२ सरह समकक्षता पाउन पूरा गर्नुपर्ने न्यूनतम आधार र आवश्यक कागजातहरू :**

विदेशी बोर्ड वा शिक्षण सस्थाबाट A-Level कार्यक्रमअध्ययन गर्ने विद्यार्थीले विद्यालयीय शिक्षाको अन्तिम परीक्षामा कम्तीमा तीनओटा विषयमा Advanced Level पूरा गरेको हुनुपर्ने छ। २०७३ /१२/१० पूर्वभर्ना भई Advanced Level को अध्ययन पूरा गरिसकेकाहरूका हकमा Advanced Level मा अध्ययन गरेको विषय सङ्ख्या तीनभन्दा कम भएको अवस्थामा कम्तीमा दुईओटा विषयमा Advanced Level को अध्ययन पूरा गरेको र थप दुई विषयमा Advanced Subsidiary को अध्ययन पूरा गरेको हुनुपर्ने छ।

**पेस गर्नुपर्ने कागजातहरू :**

- General certificate of Education (GCE),
- Statement Of Results (SOR)
- Migration Certification,
- Character Certificate

**४) International Baccalaureate कार्यक्रम अध्ययन गर्ने विद्यार्थीले कक्षा १२ सरह समकक्षता पाउन पुरा गर्नुपर्ने न्यूनतम आधार र आवश्यक कागजातहरू :**

विदेशी बोर्ड वा शिक्षण सस्थाबाट International Baccalaureate कार्यक्रमअध्ययन गर्ने विद्यार्थीको हकमा कम्तिमा ५ विषयको अध्ययन सहित २४ ग्रेड पोइन्ट प्राप्त गरी अध्ययन पूरा गरेको हुनुपर्ने छ।

**पेस गर्नुपर्ने कागजातहरू :**

- IB Diploma Certificate,
- IB Grade Sheet,
- Migration Certification,
- Character Certificate

**५) कक्षा १० भन्दा तलका कक्षाको मान्यता तथा समकक्षता सम्बन्धी व्यवस्था :**

(क) विदेशी शैक्षिक संस्थाहरूबाट कक्षा ८ वा ९ सरहको अध्ययन पूरा गरी नेपालमा अध्ययन गर्न चाहेमा सम्बन्धित विद्यार्थी वा निजका अभिभावकले विद्यार्थीले पढ्न चाहेको विद्यालयमा विद्यार्थीका शैक्षिक योग्यताका प्रमाणित प्रतिलिपिसहित निवेदन दिनुपर्ने छ। सम्बन्धित विद्यालयले विद्यार्थीको लिखित वा मौखिक परीक्षा लिन आवश्यक ठानेमा उक्त परीक्षा लिई उपयुक्त कक्षामा भर्नाका लागि आफ्नो रायसहित जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइमा अनुमति माग गर्नुपर्ने छ।

(ख) जिल्ला स्थित शिक्षा विकास तथा समन्वय इकाइले विद्यालयको मागबमोजिम विद्यार्थी भर्ना गर्न उपयुक्त देखेमा कक्षा तोकी अनुमति दिन सक्ने छ।

(ग) कक्षा ८ भन्दा तलको हकमा विद्यार्थीको उमेर, शैक्षिक स्तर, बौद्धिक क्षमता र शैक्षिक योग्यताका प्रमाण पत्र हेरी विद्यालयले उपयुक्त कक्षामा भर्ना गर्न सक्ने छ।

**विस्तृत जानकारीका लागि www.moecdc.gov.np को Equivalence शीर्षकमा हेर्न सक्नुहुने छ।**

# मान्यता तथा समकक्षताको कार्य संचालन प्रक्रिया सम्बधि सूचना

१. मान्यता तथा समकक्षता सम्बन्धी कार्य सञ्चालन समय निम्नानुसार हुने छ।

- ❖ १०: ३० बाट निवेदन दर्ता शुरु हुने छ।
- ❖ खाजा खाने समय दिउँसो १:०० बजे देखि २:०० बजेसम्म हुने छ। यो समयमा सेवा प्रदान हुन सक्ने छैन।
- ❖ दिउँसो ३:०० बजेपछि (शुक्रबार १:०० बजेपछि) राजस्व शुल्क सङ्कलन गर्ने र नयाँ निवेदन दर्ता गरिने छैन। ३:०० बजेसम्म (शुक्रबार १:०० बजेसम्म) निवेदन दर्ता गरि राजस्व बुझाएकाहरूको प्रमाण पत्र सोही दिन जारी गरिने छ।

२. सबै कागजातका प्रतिलिपिहरू नोटरी पब्लिकबाट प्रमाणित गराई पेस गर्नुपर्ने छ। शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरू रुजु गर्ने समयमा सक्कल प्रमाणपत्र समेत देखाउनुपर्ने छ।

३. कक्षा १२ को समकक्षता गराउनुपूर्व कक्षा १० को समकक्षता गराई सो को प्रतिलिपि समेत पेस गर्नुपर्ने छ। नेपालको बोर्डबाट कक्षा १० उत्तीर्णको हकमा लब्धाङ्क पत्र, मूल प्रमाणपत्रका प्रतिलिपि पेस गर्नुपेर्न छ।

४. मान्यता तथा समकक्षता प्रमाण पत्र लिन आउँदा राजस्व बुझाएको सक्कल नगदी रसिद अनिवार्य रुपमा ल्याउनुपर्ने छ।

५. प्रमाणपत्रवाला स्वयम् उपस्थित नभई आफन्तबाट निवेदन पेस गर्ने र प्रमाणपत्र लिने भएमा निवेदन पेस गर्नेको परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपि समेत पेस गर्नुपर्ने छ।

६. मान्यता तथा समकक्षताको प्रमाण पत्र लिनका लागि निम्न प्रक्रिया अपनाउनुहोस :

- पाठ्यक्रम विकास केन्द्रको पुस्तकालय रहेको भवनको कोठा नं १ को काउन्टर नं. १ वा २ बाट शैक्षिक योग्यताका प्रमाण पत्रहरूका सक्कल सहित प्रतिलिपिहरू रुजु गराउनुहोस्।
- कोठा नं १ को काउन्टर नं. ३ बाट राजश्व बुझाउनुहोस्।
- राजश्व बुझाएपछि १, २ घण्टा प्रतिक्षा गर्नुहोस् र काउन्टर नं. ३ बाट नाम बोलाएपछि आफ्नो समकक्षता प्रमाण पत्र लिनुहोस्। प्रमाणपत्रमा उल्लेख भएका व्यहोरा (Spelling /हिज्जे) रुजु गर्नुहोस्। सच्चाउनुपर्ने भए सच्चाउन भन्नुहोस र सच्चाइएको प्रमाणपत्र लिनुहोस्।
- शाखाको कर्मचारीको खाजा खाने समयमा धैर्य गरी बस्नुहोस। हतार भएको भनी अनावश्यक दबाब दिने नगर्नुहोस्
- दिएसो ३:०० बजे (शुक्रबार १:०० बजे) सम्म निवेदन दर्ता गरीराजश्व बुझाउन नभ्याउनेले सो को भोलिबाट आई आफ्नो सेवा लिनुहोस्।

७. विस्तृत जानकारीका लागि www.moecdc.gov.np मा रहेको **Equivalence** सम्बन्धी अन्य सूचना **Equivalence Guideline** अध्ययन गर्नु सक्नुहुने छ।